apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

लेखरचना, समाचार वा विज्ञापन पठाउदा वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

● वर्ष: १२ ● अंक: २५४ ● पृष्ठ: ४ ● १३ असोज २०८३ मंगलबार (29 September 2026. Tuesday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

## सुखीपुरमा ६ महिनादेखि सामाजिक सुरक्षा भत्ता रोकियो, लाभग्राही आन्दोलित

### भत्ता रोकिएको कारण 'प्राविधिक त्रुटि' भन्दै नगर प्रमुखको स्पष्टीकरण, असोज मसान्तभित्र वितरण गर्ने प्रतिबद्धता

**शुभ नारायण कामती**
**सिरहा, असोज १२ गते**

आर्थिक वर्ष २०८२/०८३ मै भुक्तानी हुनुपर्ने सामाजिक सुरक्षा भत्ता लामो समयसम्म नपाएपछि सिरहाको सुखीपुर नगरपालिकाका लाभग्राही आन्दोलित भएका छन् । करिब ६ महिनादेखि भत्ता रोकिँदा ज्येष्ठ नागरिक, एकल महिला, अपांगता भएका व्यक्ति तथा अन्य लक्षित वर्गका लाभग्राही आर्थिक समस्यामा परेको गुनासो गरेका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सुखीपुरको अगुवाइमा लाभग्राहीहरूले सोमबार नगरपालिकामा प्रदर्शन तथा धर्ना दिएका हुन् । उनीहरूले लामो समयदेखि रोकिएको सामाजिक सुरक्षा भत्ता तत्काल उपलब्ध गराउन माग गरेका छन् ।

लाभग्राहीका अनुसार समयमा भत्ता नपाउँदा दैनिक घरायसी खर्च व्यवस्थापन गर्न मात्र नभई औषधि उपचार गर्नसमेत समस्या भइरहेको छ । सामाजिक सुरक्षा भत्तामै निर्भर ज्येष्ठ नागरिक तथा अन्य लाभग्राहीले नियमित रूपमा पाउनुपर्ने रकम महिनौँसम्म रोकिँदा आर्थिक कठिनाइ थपिएको बताएका छन् । सरकारले सामाजिक सुरक्षाका लागि उपलब्ध गराएको रकम सम्बन्धित लाभग्राहीसम्म समयमै पुर्‍याउनुपर्ने भए पनि गत आर्थिक वर्षको अन्तिम किस्ताकै रकम चालु आर्थिक वर्ष सुरु भइसकेपछि पनि वितरण हुन नसक्नुले नगरपालिकाको सेवा प्रवाहमाथि प्रश्न उठेको छ ।




गत आर्थिक वर्षमै लाभग्राहीको खातामा पुग्नुपर्ने रकम लामो समयसम्म रोकिएपछि अहिले आएर 'प्राविधिक त्रुटि' देखाइएको भन्दै लाभग्राहीले भने तत्काल भुक्तानीको माग गरेका छन् । उनीहरूले कारण जे भए पनि त्यसको असर आफूहरूले भोग्नुपरेको बताएका छन् ।

लाभग्राहीहरूले नगरपालिकासँग भत्ता वितरणमा भएको ढिलाइको स्पष्ट जानकारी सार्वजनिक गर्न तथा आगामी दिनमा यस्तो समस्या दोहोरिन नदिन प्रभावकारी व्यवस्था मिलाउन माग गरेका छन् ।

**'प्राविधिक त्रुटि' भन्दै नगरप्रमुखको स्पष्टीकरण**

यसैबीच, सुखीपुर नगरपालिकाका नगरप्रमुख रामऔतार यादवले सामाजिक सुरक्षा भत्ता वितरणमा भएको ढिलाइप्रति दु:ख व्यक्त गर्दै भुक्तानी रोकिएको कारण 'केही प्राविधिक त्रुटि' भएको बताएका छन् ।

नगरप्रमुख यादवले सार्वजनिक गरेको प्रतिबद्धतापत्रमा आर्थिक वर्ष २०८२/०८३ को वैशाख, जेठ र असारको बक्यौता सामाजिक सुरक्षा भत्ता तथा चालु आर्थिक वर्ष २०८३/०८४ को साउन, भदौ र असोजको भत्ता गरी दुई किस्ताको रकम असोज २४ गतेदेखि असोज मसान्तभित्र सम्बन्धित बैंकमार्फत वितरण गराउने प्रतिबद्धता जनाइएको छ ।

नगरप्रमुख यादवले ज्ञापनपत्र बुझाउने राजनीतिक दलहरूलाई आन्दोलनका कार्यक्रम नगर्न तथा नगराउन आग्रहसमेत गरेका छन् । कार्यालय नियमित रूपमा सञ्चालन हुने वातावरण बनाउन राजनीतिक दल, सेवाग्राही तथा आम नागरिकसँग उनले अनुरोध गरेका छन् ।

बाँकी पृष्ठ ३ ▸▸

## मधेश प्रदेश : स्वास्थ्य निर्देशनालयमा कानुनअनुसार निर्देशक नियुक्तिको तयारी




**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असोज १२ गते**

मधेश प्रदेश सरकार मातहतको स्वास्थ्य निर्देशनालयको स्वास्थ्य सेवाअन्तर्गत हेल्थ इन्सपेक्सन समूहको एघारौं तहको निर्देशक पदमा काज, कायममुकायम र थप जिम्मेवारीका माध्यमबाट अन्य समूहका कर्मचारीलाई समेत जिम्मेवारी दिने अभ्यासमा अब विराम लाग्ने देखिएको छ । हेल्थ इन्सपेक्सन समूहकै एघारौं तहमा बढुवा भएका डा. नवलकिशोर झालाई सोही पदमा पदस्थापन गर्ने तयारीसँगै स्वास्थ्य निर्देशनालयको निर्देशक पदमा सम्बन्धित समूहकै अधिकृतलाई जिम्मेवारी दिने व्यवस्था कार्यान्वयन हुने देखिएको छ ।

बाँकी पृष्ठ ३ ▸▸

## डकैती र ज्यान मार्ने उद्योग मुद्दाका फरार प्रतिवादी



**अपन दैनिक संवाददाता**
**सिरहा, असोज १२ गते**

सिरहाको कल्याणपुर नगरपालिका-१२ बेलहामा हतियार देखाई धनमाल लुटपाट तथा गोली प्रहारको घटनामा संलग्न रहेको आरोपमा फरार एक प्रतिवादी पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा धनुषाको विदेह नगरपालिका-५ झिझाटोलका करिब ४० वर्षीय बद्री भनिने अजय पासवान रहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ । उनलाई आइतबार राति करिब ७:१५ बजे कमला नदीको बगरबाट पक्राउ गरिएको हो ।

जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी प्रहरी नायब

बाँकी पृष्ठ ३ ▸▸

## असोज २२ र २३ मा सातै प्रदेशका मुख्यमन्त्रीको सम्मेलन



**अपन दैनिक संवाददाता**
**सिरहा, असोज १२ गते**

संघीयता कार्यान्वयनका क्रममा देखिएका व्यावहारिक तथा नीतिगत उल्झन सुल्झाउन र प्रदेशहरूका साझा एजेन्डा तय गर्न आगामी असोज तेस्रो साता कोसी प्रदेशको राजधानी विराटनगरमा सातै प्रदेशका मुख्यमन्त्रीहरूको सम्मेलन आयोजना हुने भएको छ ।

कोसी प्रदेश सरकारको आयोजनामा आगामी असोज २२ र २३ गते हुने यस सम्मेलनको सम्पूर्ण तयारी तीव्र पारिएको छ । प्रदेश सरकारहरूका साझा समस्या पहिचान गरी संघीय संरचनालाई थप सबल र सुदृढ बनाउने मुख्य उद्देश्यसहित सम्मेलन गर्न लागिएको हो ।

सम्मेलनलाई उपलब्धिमूलक बनाउन नीतिगत एजेन्डा तय गर्नाका साथै व्यवस्थापकीय कामका लागि छुट्टाछुट्टै समितिहरू क्रियाशील बनाइएका छन् ।

कोसी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले सम्मेलनमा संघीयता अभ्यासका चुनौती, हासिल भएका असल अभ्यास तथा अनुभव

बाँकी पृष्ठ २ ▸▸

## कमला नदीमा नुहाउने क्रममा बेपत्ता चालकको तीन दिनदेखि खोजी, गोताखोर मगाइँदै

**अपन दैनिक संवाददाता**
**सिरहा, असोज १२ गते**

सिरहाको कल्याणपुर नगरपालिका-६, भोक्राहा हुँदै बग्ने कमला नदीमा नुहाउने क्रममा तीन दिनअघि बेपत्ता भएका एक चालकको खोजी जारी रहेको प्रहरीले जनाएको छ ।

भोक्राहामा निर्माणाधीन कमला पुल निर्माण कम्पनीका हलुका सवारीचालक मकवानपुरको मकवानपुरगढी गाउँपालिका-५ घर भएका करिब ४७ वर्षीय गोविन्दराज दुलाल शनिबार बिहान करिब १० बजे नदीमा नुहाउने क्रममा डुबेर बेपत्ता भएका थिए ।

जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालका अनुसार दुलाल बेपत्ता भएको सूचना पाएलगत्तै नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोली परिचालन गरी खोजी भइरहेको छ ।



उनका अनुसार भोक्राहादेखि सारश्वर, बेलहा र बसबिट्टासम्म नदी तथा तटीय क्षेत्रमा खोजी गरिएको छ ।

'धनुषा प्रहरीसँग पनि समन्वय गरी तटीय क्षेत्रमा खोजी भइरहेको छ,' उनले भने, 'आइतबार साँझसम्म कमला नदीमा पानीको बहाव बढेको थियो । त्यसपछि बहाव क्रमश: घट्दै गएकाले सम्भावित स्थानहरूमा खोजीलाई थप तीव्रता दिइएको छ ।'

दुलालकी श्रीमतीसहित आफन्तहरू आइतबार प्रहरीको सम्पर्कमा आएको डिएसपी पालले बताए ।

नुहाउन नदीमा पसेलगत्तै अकस्मात् आएको भेलले दुलाललाई बगाएको प्रारम्भिक जानकारी प्राप्त भएको प्रहरीले जनाएको छ । घटनाको जानकारी पाएलगत्तै इलाका प्रहरी कार्यालय मिर्चैया, सशस्त्र प्रहरी बलको सुरक्षा बेस क्याम्प कल्याणपुर तथा अस्थायी प्रहरी पोस्टबाट सुरक्षाकर्मी परिचालन गरी खोजी भइरहेको छ ।

सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हेडक्वार्टर सिरहाका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक सुमनजंग थापाका

बाँकी पृष्ठ ४ ▸▸




## नेपाली कम्युनिस्ट पार्टीको सिरहा नगर कमिटी चयन

**अपन दैनिक संवाददाता**
**सिरहा, असोज १२ गते**

नेपाली कम्युनिस्ट पार्टीले सिरहा नगर कमिटीका पदाधिकारी चयन गरेको छ ।

नेपाली कम्युनिस्ट पार्टीका जिल्ला संयोजक प्रमोद यादवको अध्यक्षतामा केन्द्रीय कमिटी तथा प्रदेश कमिटीका पदाधिकारीहरूको उपस्थितिमा सिरहा नगरपालिका-४ मा सम्पन्न बैठकले नगर कमिटीका पदाधिकारी तथा जिम्मेवारी तोकेको हो ।

बैठकले उपेन्द्र यादवलाई सिरहा नगर इन्चार्ज चयन गरेको छ । त्यस्तै, देवेन्द्र गोहिबार र अशोक कुमार यादवलाई सह-इन्चार्ज, जीवछ



नारायण यादवलाई संयोजक तथा इन्द्रजीत गोठियालाई सह-संयोजक चयन गरिएको छ । समसद आलम र वकिलदेव यादव लगायतलाई समेत नगर कमिटीमा समेटिएको जनाइएको छ ।

बैठकमा पार्टीको संगठन विस्तार, स्थानीय तहमा पार्टीका गतिविधिलाई प्रभावकारी बनाउने तथा आगामी कार्यदिशाका विषयमा समेत छलफल भएको बताइएको छ ।

नवनियुक्त पदाधिकारीहरूलाई पार्टीका जिल्ला, प्रदेश तथा केन्द्रीय तहका नेताहरूले बधाई दिँदै सफल कार्यकालको शुभकामना दिएका छन् ।

प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला।**

# सम्पादकीय...

## बाढी आउनुअघि नै बाँध र तयारी बलियो बनाऔँ

कमला नदीमा पानीको बहाव बढेसँगै सिरहाको तटीय क्षेत्रमा सुरक्षाकर्मी परिचालन हुनु र जोखिमयुक्त स्थानमा बालुवाका बोरा राखेर बाँध मजबुत बनाउने काम सुरु हुनु सकारात्मक कदम हो। तर विपद् व्यवस्थापनको अर्थ पानीको सतह बढेपछि मात्रै सक्रिय हुनु होइन, जोखिम आउनुअघि नै तयारी पूरा गर्नु हो।

कमला नदीमा पानीको बहाव प्रतिसेकेन्ड करिब ९ सय क्युसेक पुगेपछि सिरहा नगरपालिका-६ बसबिट्टालगायत क्षेत्रमा सतर्कता बढाइएको छ। नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी तथा स्थानीय बासिन्दाको सहभागितामा बाँध सुरक्षाको काम भइरहेको छ। कमला, बलान, गागन र खुट्टीलगायत नदी तथा खोलाका तटीय क्षेत्रमा समेत सुरक्षा निगरानी बढाइएको छ।

यस्ता गतिविधिले तत्कालका लागि नागरिकमा भरोसा जगाउन सक्छन्। तर सिरहाको बाढीको जोखिम नयाँ विषय होइन। हरेक वर्ष वर्षायाममा नदीको बहाव बढ्ने, बाँध कमजोर हुने, बस्ती तथा खेतीयोग्य जमिन डुबानमा पर्ने र नागरिकको जनधन प्रभावित हुने अवस्था दोहोरिँदै आएको छ। त्यसैले हरेक वर्ष बाढी आएपछि बालुवाका बोरा थुपार्नेभन्दा जोखिमको स्थायी समाधान खोज्नु आवश्यक छ।

विशेषगरी बसबिट्टा क्षेत्रमा बाँधको जोखिम देखिनु गम्भीर विषय हो। अस्थायी रूपमा बालुवाका बोरा राखेर तत्काल जोखिम कम गर्न सकिए पनि दीर्घकालीन रूपमा बाँधको प्राविधिक अध्ययन, कमजोर खण्डको पहिचान, नियमित मर्मतसम्भार र आवश्यक संरचनाको निर्माण गर्नुपर्छ। करोडौं रुपैयाँ खर्च गरेर पनि हरेक वर्ष उही ठाउँमा जोखिम दोहोरिन्छ भने विगतका योजनाको प्रभावकारितामाथि प्रश्न उठ्नु स्वाभाविक हो।

विपद् व्यवस्थापनमा सुरक्षाकर्मीको भूमिका महत्त्वपूर्ण छ। करिब दुई सय सशस्त्र प्रहरी र दुई सय ५० नेपाली सेना आवश्यकताअनुसार परिचालन गर्न सकिने गरी तयारी अवस्थामा राखिनु तथा जोखिमयुक्त क्षेत्रमा सशस्त्र प्रहरी परिचालन गरिनु प्रशंसनीय छ। तर सुरक्षाकर्मीलाई उद्धारको अन्तिम साधनका रूपमा मात्र होइन, पूर्वतयारीको साझेदार का रूपमा परिचालन गर्नुपर्छ।

बाढी आएपछि उद्धार गर्नु महँगो र जोखिमपूर्ण हुन्छ। त्यसअघि नै जोखिममा रहेका बस्तीको पहिचान, सुरक्षित स्थानको निर्धारण, उद्धार मार्गको तयारी, आवश्यक डुंगा तथा उद्धार सामग्रीको व्यवस्थापन, सञ्चार प्रणालीको परीक्षण र स्थानीय तहसँग समन्वय गर्न सकिए क्षति धेरै घटाउन सकिन्छ।

अर्को महत्वपूर्ण पक्ष नागरिकको सावधानी हो। नदीको सतह बढिरहेको अवस्थामा किनारमा अनावश्यक आवतजावत गर्नु, पानीको बहाव हेर्न जोखिमपूर्ण स्थानमा पुग्नु वा चेतावनीलाई बेवास्ता गर्नु आफैंमा जोखिम निम्त्याउनु हो। प्रशासन र सुरक्षाकर्मीले माइकिङ गरेर सचेत गराउनु आवश्यक छ, तर नागरिकले पनि चेतावनीलाई गम्भीर रूपमा लिनुपर्छ।

बाढीको जोखिम केवल बस्तीमा सीमित हुँदैन। सिरहाको अर्थतन्त्रमा कृषि महत्वपूर्ण भएकाले नदी तथा खोलाको बहावले खेतबारी र बालीनालीमा पार्ने असर पनि उत्तिकै महत्वपूर्ण छ। पछिल्लो हावाहुरीबाट नरहा, विष्णुपुर र गोलबजारलगायत क्षेत्रमा उखु ढलेर किसान प्रभावित भएको विषयले विपद्को असर कति बहुआयामिक हुन्छ भन्ने देखाउँछ। प्राकृतिक विपद्का कारण किसानको लगानी र उत्पादन दुवै जोखिममा पर्दा त्यसको क्षतिपूर्ति तथा राहत व्यवस्थाबारे पनि राज्यले स्पष्ट योजना बनाउनुपर्छ।

अहिले प्रशासनले 'ठूलो मानवीय तथा भौतिक क्षति भएको छैन' भन्न सक्नु राहतको विषय हो। तर यसलाई तयारी पर्याप्त भएको प्रमाणका रूपमा बुझ्नु हुँदैन। क्षति नहुनु राम्रो तयारीको परिणाम हुन सक्छ, तर क्षति भएपछि मात्र तयारीको कमजोरी देखिने अवस्था आउन दिनु हुँदैन।

अबको प्राथमिकता स्पष्ट हुनुपर्छ–कमला र अन्य नदीको जलस्तरको नियमित अनुगमन, जोखिमयुक्त बाँधको प्राविधिक परीक्षण, स्थानीय तहबीच प्रभावकारी समन्वय, पूर्वसूचना प्रणालीको विस्तार र उद्धार सामग्रीको पर्याप्त व्यवस्था।

सुरक्षाकर्मी परिचालन तत्कालको आवश्यकता हो, तर बाँध बलियो बनाउने स्थायी योजना र नागरिकलाई सुरक्षित बनाउने दीर्घकालीन रणनीति नै वास्तविक समाधान हो।

बाढीलाई रोक्न नसकिएला, तर बाढीबाट हुने क्षति घटाउन सकिन्छ। त्यसका लागि पानी बढेपछि होइन, पानी बढ्नुअघि नै राज्य, स्थानीय तह र समुदाय तयार हुनुपर्छ।

# लालपुर्जा हातमा, जमिन बलानमा



सप्तरीको बलानबिहुल गाउँपालिका-४ का रामविलास यादवको हातमा एक बिघा जमिनको लालपुर्जा छ। कागजमा उनी अहिले पनि एक बिघा जमिनको धनी हुनुहुन्छ तर त्यो जमिन कहाँ छ भनेर देखाउन उनीसँग अब कुनै ठाउँ नै छैन। वर्षौंदेखि अन्न उब्जाउँदै आएको खेत अहिले बलान नदीको भेलमा हराएको छ।

यादवका लागि लालपुर्जा अहिले सम्पत्तिको प्रमाणभन्दा बढी विगतको सम्झना बनेको छ। गत भदौ महिनामा स्थानीय बलान नदीमा आएको बाढीले उनको नदी किनारमा रहेको खेतीयोग्य जमिन कटान गरेपछि परिवारको जीविकोपार्जनको आधार नै खोसिएको बताउँछन्।

"बाढी आएपछि हेर्न पुग्दा तीन-चार कट्ठा जमिन बाढीले लगिसकेको थियो, हेर्दाहेर्दै थप जमिन पनि बगायो",उनी भन्छन्,"जमिन जोगाउने कुनै प्रयास गर्न सकिएन, सबै जमिन बाढीले स्वाहा बनायो।"

उनको परिवारले पुस्तौंदेखि त्यही जमिनमा अन्न उब्जाउँदै आएको थियो। धान, गहुँ र अन्य बालीले घरको चुलो बल्थ्यो। खेतमा बाली हुर्कदा परिवारको भविष्य सुरक्षित भएको महसुस हुन्थ्यो। तर, बलान नदीले खेतको डिल काट्दै जाँदा अहिले त्यही भविष्य पनि अनिश्चित बनेको छ।

"अब कसरी परिवारको गुजारा चलाउने भन्ने चिन्ताले पिरोल्न थालेको छ," यादवले भन्छन्, "परिवारको गुजारा चलाउने एउटा मात्र आधार थियो, खेतीपाती गर्ने, त्यो पनि बगरमा परिणत भएपछि सुकुम्बासी बन्ने चिन्ता बढ्को छ।" एकातिर नदीको बहाव बढ्दै गएको छ भने अर्कोतिर किसानको खेत घट्दै गएको छ।

"बलान नदीले हामीलाई सुकुम्बासी बनाइदियो," स्थानीय मो. नाजिर भन्छन्," हाम्रो लागि खेत केवल जमिन होइन, त्यो परिवारको रोजगारी, खाद्यान्नको स्रोत, सामाजिक प्रतिष्ठा र भविष्यको आधार हो।" जब खेत नदीमा मिसिन्छ, त्यससँगै किसानको आम्दानी, आत्मनिर्भरता र सामाजिक हैसियतसमेत प्रभावित हुन्छ। स्थानीय मो. हन्सु मियाँको परिवार कुनै समय गाउँकै सम्पन्न परिवारका रूपमा चिनिन्थ्यो। परिवारसँग करिब ८० बिघाको एउटै प्लट जमिन थियो। त्यही जमिनमा खेती हुन्थ्यो। उत्पादनले परिवारको जीवन सहज रूपमा चल्थ्यो। आज त्यही ८० बिघा जमिनको ठूलो हिस्सा बलान नदीमा परिणत भएको मो. हन्सु मियाँ बताउँछन्।

बलान बिहुल गाउँपालिका-४ का पूर्व वडाध्यक्ष समेत रहनुभएका हन्सु मियाँका अनुसार नदी कटानका कारण परिवारको पुस्तौंदेखिको सम्पत्ति क्रमशः हराउँदै गएको हो। "हाम्रो सबै जग्गा नै बाढीले कटान गरी नदीमा परिणत गरिसकेको छ, अहिले हामी सुकुम्बासी बन्ने अवस्थामा पुगेका छौं," उनी भन्छन्, "असी बिघा जमिनको मालिक परिवार अहिले आफ्नो जमिन जोगाउन नसक्ने अवस्थामा पुगेका छौं, जमिनको लालपुर्जा र वास्तविक भूगोलबीचको सम्बन्ध कमजोर हुँदै गएको छ।"

रामविलास, नाजिर र हन्सुको कथा केवल परिवारको मात्र होइन। बलान नदी किनारमा बस्ने किसानका लागि यो साझा पीडा बन्दै गएको छ। सो ठाउँका धेरै किसानको कथा उस्तै छ। कुनै समय हरियालीले ढाकिएका खेत अहिले बलान नदीको धारमा परिणत भएका छन्।

स्थानीय गौरी यादवका अनुसार करिब एक दशकअघिसम्म पश्चिमबाट बग्ने बलान नदी पछिल्ला वर्षहरूमा विस्तारै धार परिवर्तन गर्दै पूर्वतर्फ मोडिएको हो। सुरुमा नदीले केही कट्ठा जमिन काट्यो। त्यसपछि कटानको दायरा बढ्दै गयो। वर्षायाममा आएको ठूलो बाढीले कटानलाई झन् तीव्र बनाउँदै गएको यादवको भनाइ छ। "केही वर्षअघिसम्म यस क्षेत्रमा धान र गहुँका बाला झुल्थे, किसान बिहान खेत पुग्थे, बाली हेर्थे, सिँचाइ गर्थे। मौसमअनुसार खेती गर्थे र उत्पादनबाट परिवारको गुजारा चलाउँथे", यादव भन्छन्, "अहिले त्यही ठाउँमा नदी बग्छ, खेती गर्ने जमिन बगरमा परिणत भइसकेको छ।"

बलान नदीले धार परिवर्तन गरेपछि खेतीयोग्य जमिनमा कटानसँगै नदीको धार गाउँतर्फ सर्दै जाँदा बस्तीसमेत जोखिममा परेको छ। स्थानीय रामशङ्कर भण्डारीका अनुसार गत बर्ष आएको बाढीपछि नदीले ठूलो क्षेत्र कटान गरेको थियो। सडकको पश्चिम भागमा रहेको बस्तीलाई सडकको पूर्वतर्फ सारिएको थियो तर नदीको धार फेरि गाउँतर्फै मोडिएपछि विस्थापनको जोखिम कायम छ।

धार परिवर्तन गर्नुअघि यहाँ घना बस्ती थियो, धार परिवर्तन भएपछि बस्तीलाई करिब सय मिटर पर सारिएको थियो तर पनि अहिले स्थानीयहरु पूर्णरूपमा सुरक्षित महसुस गर्न सकिएको छैनन्। "यसले एउटा गम्भीर प्रश्न उठाएको छ, बाढीबाट बच्न मानिसले बस्ती सार्ने कि नदी नियन्त्रण गरेर नदीलाई आफ्नो प्राकृतिक धारमा फर्काउने ?", भण्डारी भन्छन्,"नदी किनारका किसानका लागि बाढी हरेक वर्ष दोहोरिने त्रास हो, पहिले बाढी आउँदा किसानको पहिलो चिन्ता बाली जोगाउने हुन्थ्यो। अहिले बाढी आउँदा घर, परिवार र बालबालिका जोगाउने चिन्ता सुरु हुन्छ।"

पूर्व वडाअध्यक्ष मो. हन्सुका अनुसार नदीको कटान रोक्ने स्थायी उपाय नहुँदा किसान निरीह बनेका छन्। "अहिले पनि डुबान र कटानबाट खेत जोगाउन हामीसँग कुनै उपाय छैन। प्रशासनदेखि नेतासम्मलाई गुहार्दा पनि रोकथाम र नियन्त्रणको काम हुन नसक्दा वर्षैपिच्छे यहाँको खेत नदीले निल्दैछ," उनले भन्नुभयो। उनीका अनुसार पछिल्लो बाढीले मात्रै करिब तीन सय बिघा खेतीयोग्य जमिन कटान गरेको अनुमान छ। यो तथ्याङ्क आधिकारिक रूपमा पुष्टि हुन बाँकी भए पनि नदी कटानको भयावहता बुझ्न पर्याप्त रहेको स्थानीयहरु बताउँछन्।

बलान नदीको कटान रोक्न जलस्रोत तथा सिँचाइ कार्यालय सप्तरीले उपभोक्ता समिति मार्फत गत आर्थिक वर्ष २०८०/८१ मा तटबन्ध निर्माण गरेको थियो। तटबन्ध बनेपछि स्थानीयले केही राहत महसुस गरेका थिए तर दुई वर्षअघि आएको बाढीले तटबन्ध भत्काइदिएपछि समस्या ज्यूँका त्यूँ छन्। त्यसपछि पुनः तटबन्ध निर्माण हुन सकेको छैन। तटबन्ध भत्किएपछि नदीले कमजोर किनार खोज्दै कटान गर्न थालेको स्थानीय मो. गुलाबको भनाइ छ।

स्थायी र वैज्ञानिक नदी नियन्त्रणको अभावमा हरेक वर्ष ठूलो धनराशि खर्च गरेर अस्थायी संरचना बनाउने र बाढी आएपछि पुनः भत्किने अवस्था दोहोरिँदै आएको स्थानीयको कथन छ। पूर्व वडाध्यक्ष मो. हन्सुका अनुसार स्थानीयको माग अब अस्थायी समाधान होइन। दीर्घकालीन नदी व्यवस्थापन, बलियो तटबन्ध, कटान नियन्त्रण र जोखिम क्षेत्रको वैज्ञानिक अध्ययन चाहन्छन्।

बलान नदीको समस्या केवल नदी किनारमा सीमित छैन। यसको सम्बन्ध माथिल्लो भूभाग अर्थात् चुरे क्षेत्रसँग पनि जोडिएको स्थानीयको बुझाइ छ। नदी नियन्त्रणको क्षेत्रमा लामो अनुभव भएका अवकाश प्राप्त इञ्जिनियर विश्वनाथ यादवका अनुसार चुरे क्षेत्रमा हुने अनियन्त्रित ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् तथा

बाँकी पृष्ठ ४ ▸▸

## असोज २२ र २३ मा सातै प्रदेशका .............

आदानप्रदान जानकारी दिए।

'सम्मेलनका क्रममा प्रदेशहरूबीच अन्तरप्रदेश व्यापार, उत्पादनको आदानप्रदान, प्राकृतिक स्रोतको सदुपयोग र पर्यटन प्रवर्द्धनका क्षेत्रमा सहकार्य गर्ने विषयमा ठोस समझदारी जुटाइनेछ,' मुख्यमन्त्री कार्कीले भने।

सम्मेलनको समग्र तयारी तथा नीतिगत समन्वयको जिम्मेवारी कोशी प्रदेश योजना आयोगलाई दिइएको छ। आयोगका उपाध्यक्ष तारानाथ निरौलाको अध्यक्षतामा गठित नीतिगत सिफारिस समितिले कार्यपत्र लेखन, छलफलका विषय र साझा घोषणापत्रको मस्यौदा तयार पारिरहेको छ।

नीतिगत एजेन्डालाई अन्तिम रूप दिन असोज १४ गते सातै प्रदेशका योजना आयोगका उपाध्यक्षहरूको बैठक बस्ने तय भएको उपाध्यक्ष निरौलाले बताए। निरौलाले भने, 'हामीले प्राकृतिक स्रोत साधनको संयुक्त उपयोग (जोइन्ट युज), अन्तरप्रदेश हवाई सञ्जाल (फ्लाइट कनेक्टिभिटी), पर्यटन तथा उत्पादन आदानप्रदान लगायत १२ देखि १३ वटा प्रमुख बुँदाहरू तयार गरेका छौं।'

यो सम्मेलन औपचारिकता छलफलमा सीमित नभई आगामी दिनमा प्रदेशहरूबीच नियमित छलफल, नीति निर्माण र साझा समस्या समाधानका लागि स्थायी फोरमका रूपमा संस्थागत गर्ने गृहकार्य भइरहेको जानकारी पनि निरौलाले दिए।

असोज २२ गते उद्घाटन हुने सम्मेलनमा अन्तरप्रदेश असल अभ्यास, स्थानीय र संघीय सरकारसँग गर्नुपर्ने नीतिगत तथा कानुनी समन्वयबारे बृहत् छलफल हुनेछ।

साथै, पर्यटन प्रवर्द्धनका लागि सहभागी मुख्यमन्त्री तथा विशिष्ट पाहुनाहरूलाई विराटनगर नजिकका पर्यटकीय स्थलहरूको भ्रमण गराउने तालिका तय गरिएको छ।

## आजको राशिफल

**मेष :** अरूलाई प्रभावित पारेर फाइदा उठाउने समय छ। भूमि र पैत्रिक सम्पत्तिको उपयोगबाट प्रशस्त लाभ होला।

**बृष :** विभिन्न उपहार प्राप्त हुने समय छ। प्रतिस्पर्धीलाई उछिन्दै आम्दानी बढाउन सकिनेछ।

**मिथुन :** आज सहयोगीहरूले साथ दिनेछन् र काममा सोचेजस्तै सफलता मिल्नेछ।

**कर्कट :** बोलीको प्रभाव बढ्नेछ भने अभिव्यक्ति कलालाई निखार्ने अवसर प्राप्त हुनेछ।

**सिंह :** बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ। पहिलेका कमी कमजोरीलाई पनि सुधार गर्ने मौका छ।

**कन्या :** नयाँ कामको प्रस्ताव आउनेछ भने सहयोगीहरू प्रशस्तै भेटिनेछन्।

**तुला :** बौद्धिक अभिव्यक्तिले ठूलो अवसर दिलाउन सक्छ। आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने देखिन्छ।

**वृश्चिक :** स्वादिष्ट भोजनको आनन्द पाइएला। पहिलेको सफलताले थप हौसला जगाउनेछ।

**धनु :** काममा आलश्य जाग्ने र खर्चको मात्रा बढ्ने देखिन्छ। व्यवसायमा लगानी बढाउनुपर्ने समय छ।

**मकर :** अध्ययनमा प्रगति हुनेछ भने चिताएको कामसमेत सम्पादन हुनेछ।

**कुम्भ :** सुन्दर पहिरनले व्यक्तित्व निखार्दै नयाँ काम गर्ने अवसर प्राप्त हुनेछ।

**मीन :** मिहिनेतले सम्मानित स्थान दिलाउनेछ। नचिताएको ठाउँबाट धन आर्जन हुनाले मन हर्षित होला।

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस्।**



**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# औरहीका मेयरमाथि आक्रमण र कार्यालय तोडफोडको घटनामा दोषीलाई कारबाही गर्न माग

**अपन दैनिक संवाददाता**
**महोत्तरी, असोज १२ गते**

महोत्तरीको औरही नगरपालिकाका नगरप्रमुखमाथि भएको भनिएको आक्रमण तथा नगरपालिका कार्यालयमा भएको तोडफोडको घटनामा संलग्नलाई तत्काल कानुनी दायरामा ल्याउन नेपाल नगरपालिका संघ, मधेश प्रदेश समितिले माग गरेको छ।

नेपाल नगरपालिका संघ मधेश प्रदेश समितिका संयोजक मनोजकुमार साहले मधेश प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पठाएको ज्ञापनपत्रमार्फत घटनामा संलग्न व्यक्तिहरूमाथि प्रचलित कानुनबमोजिम कडा कारबाही गर्न माग गरेका हुन्।

ज्ञापनपत्रमा २०८३ भदौ ३१ गते बिहान करिब ११:३० बजे केही उच्छृंखल व्यक्तिहरू औरही



नगरपालिकाका नगरप्रमुखसमक्ष कार्यक्रमस्थलमा प्रवेश गरी चक्कु प्रहारसहित हातपात गरेको तथा कार्यालय परिसरमा तोडफोडलगायतका कानुनविपरीत गतिविधि गरेको उल्लेख छ।

संघले स्थानीय सरकार प्रमुखमाथि भएको यस किसिमको आपराधिक घटनाले जनप्रतिनिधि तथा कर्मचारी वर्गलाई त्रसित बनाएको र भयमुक्त वातावरणमा सेवा प्रवाह गर्न कठिनाइ उत्पन्न भएको जनाएको छ।

नगरपालिका संघले स्थानीय सरकार प्रमुखमाथि भएको घटनामा दोषीमाथि कडा कारबाही गर्नुको सट्टा उल्टै नगरप्रमुखको प्रतिरक्षामा उत्रिएका कर्मचारी तथा नगरवासीमाथि राजनीतिक दबाबका आधारमा झूटा मुद्दा दर्ता गराउने प्रयास भएको दाबीसमेत गरेको छ।

ज्ञापनपत्रमा त्यस्तो गतिविधिले विधिको शासनमाथि नै प्रश्न उठ्ने उल्लेख गर्दै घटनामा संलग्न व्यक्तिहरूलाई तत्काल नियन्त्रणमा लिई प्रचलित कानुनअनुसार कारबाही गर्न माग गरिएको छ।

संघका अनुसार २०८३ असोज १३ गते बसेको महोत्तरी जिल्ला स्तरीय नगरप्रमुखहरूको बैठकले समेत घटनाका विषयमा छलफल गरेको थियो। बैठकले निर्दोष कर्मचारी तथा नगरवासीमाथि दर्ता गरिएको मुद्दा भए तत्काल छानबिन गरी फिर्ता गर्न तथा घटनामा संलग्न व्यक्तिहरूमाथि कानुनी कारबाही अघि बढाउन माग गरेको छ।

नगरपालिका संघले स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीमाथि हुने यस्ता घटनालाई सामान्य रूपमा नलिन सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदै आगामी दिनमा यस्ता घटना दोहोरिन नदिन आवश्यक सुरक्षा तथा कानुनी व्यवस्था सुनिश्चित गर्नसमेत आग्रह गरेको छ।

संघका मधेश प्रदेश संयोजक मनोजकुमार साहको नेतृत्वमा गएको मेयरहरुको टोलीले ज्ञापन पत्र बुझाएको हो।

## मधेश प्रदेश : स्वास्थ्य निर्देशनालयमा ............

मधेश प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले स्वास्थ्य सेवाको हेल्थ इन्सपेक्सन समूहका अधिकृत एघारौँ तहमा बढुवा भएका डा. झालाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालय वा मातहतको रिक्त पदमा पदस्थापन गर्ने निर्णय गत भदौ २९ गते गरेको थियो। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तर्गत हेल्थ इन्सपेक्सन समूहको एघारौँ तहको पद स्वास्थ्य निर्देशनालयको निर्देशक पद रहेकाले डा. झाको पदस्थापन स्वास्थ्य निर्देशनालयमै हुने सम्भावना रहेको स्रोतले जनाएको छ।

डा. झाको पदस्थापनमा ढिलाइ भइरहेका बेला प्रदेश स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. प्रमोदकुमार यादवले उनको पदस्थापनबारे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग परामर्श भइरहेको बताए। उनले प्रदेश निजामती सेवा ऐनअनुसार एघारौँ तहको पदस्थापन मन्त्रिपरिषद्को निर्णयका आधारमा हुने भएकाले मन्त्रिपरिषद्को निर्णय कार्यान्वयनका लागि मन्त्रालयले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग समन्वय गरिरहेको प्रस्ट्याए।

तर, सचिव डा. यादवले मन्त्रिपरिषद्को निर्णयअनुसार पदस्थापनको प्रक्रिया अघि बढाउन पत्राचार भएकाले अब कुन प्रक्रियाबाट अघि बढ्ने भन्ने विषयमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग छलफल भइरहेको जानकारी दिए।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयकी सचिव पार्वती शर्माले डा. झा बढुवा भएको श्रेणी र सेवा-समूहअनुसारको दरबन्दीबारे सम्बन्धित मन्त्रालयलाई विस्तृत जानकारी हुने भएकाले मन्त्रिपरिषद्को निर्णयअनुसार उनलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालय वा मातहतका निकायमा पदस्थापन गर्न भनिएको बताइन्। मन्त्रालयले सोहीअनुसार पदस्थापनको प्रक्रिया अघि बढाउन नसके मन्त्रालयसँग समन्वय गरी मन्त्रिपरिषद्बाटै उनलाई कुन निकायमा पदस्थापन गर्ने भन्ने निर्णय गरिने उनले जानकारी दिइन्।

मधेश प्रदेश लोक सेवा आयोगका प्रकाशित सूचनाहरूमा स्वास्थ्य सेवाका एघारौँ तहका पदहरू समूहअनुसार छुट्टाछुट्टै रहेको देखिन्छ। स्वास्थ्य सेवामा हेल्थ

बाँकी पृष्ठ ४ ▸▸

## डकैती र ज्यान मार्ने उद्योग मुद्दाका फरार ...............

उपरीक्षक रमेशबहादुर पालका अनुसार विशेष सूचनाका आधारमा परिचालित प्रहरी टोलीले पासवानलाई नियन्त्रणमा लिएको हो। पक्राउपछि उनलाई जिल्ला प्रहरी कार्यालय सिरहामा ल्याई थप अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार पासवानविरुद्ध डाँका, ज्यान मार्ने उद्योग, हातहतियार तथा खरखजाना र संगठित अपराधसम्बन्धी चारवटा मुद्दा रहेको छ। घटनामा संलग्न अन्य फरार व्यक्तिहरूको समेत खोजी भइरहेको प्रहरीले जनाएको छ।

**हतियारधारी समूहले लुटेको थियो साढे ९ लाखको धनमाल**

प्रहरीका अनुसार २०८२ मंसिर २ गते राति करिब १ बजे कल्याणपुर-१२ बेलहाका मुकेशकुमार महतोको घरमा अजय पासवानसहित करिब १२ जनाको हतियारधारी समूह प्रवेश गरेको थियो।

उक्त समूहले हातहतियार देखाएर नगद तथा जिन्सी सामान गरी ९ लाख ७३ हजार ६५० रुपैयाँ बराबरको धनमाल लुटपाट गरेको प्रहरीको दाबी छ।

लुटपाटपछि समूहले स्थानीय वीरेन्द्र महतो र अनिलकुमार महतोलाई गोली प्रहार गरी घाइते बनाएको प्रहरीले जनाएको छ। घटनापछि आरोपितहरू फरार भएका थिए।

प्रहरीले घटनामा संलग्न व्यक्तिहरूको पहिचान तथा खोजीलाई तीव्रता दिएको जनाएको छ। पक्राउ परेका पासवानमाथि घटनासँग सम्बन्धित कसुरमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

❍ ग्राहक बन्नु परेमा।
❍ नवीकरण गर्नु परेमा।
❍ ठेगाना परिवर्तन भएमा।
❍ पत्रिका नियमित नआएमा।
सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म
अपन दैनिक पत्रिका


# श्री आधारभूत विद्यालय गदहवा सितापुर का.ब.-८

**मिचैंया न.पा.-११, सितापुर (सिरहा)**
**मधेश प्रदेश, नेपाल**

## कार्यालय सहयोगी पदपूर्ति विज्ञापन सम्बन्धमा।

मिचैंया नगरपालिका, शिक्षा, युवा तथा खेलकुद शाखाको च.नं. ६११, मिति २०८३/०६/१२ गतेको रिक्त पदपूर्ति गर्नु भन्ने विद्यालयलाई प्राप्त अनुमति पत्र अनुसार, यस विद्यालयको वि.व्य.स. को मिति २०८३/०६/१२ गतेको निर्णय अनुसार यस विद्यालयमा रिक्त रहेको कार्यालय सहयोगी पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरूबाट तपसिल बमोजिमको विवरण सहितको यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र रीतपूर्वक दरखास्त दिनुहुन यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

१. **विज्ञापन नं.**: ०१/२०८३/२०८४
२. **पद** : कार्यालय सहयोगी
३. **पद संख्या** : १ (एक)
४. **नियुक्तिको किसिम** : करार (अस्थायी)
५. **तलब स्केल** : नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछ।
६. **शैक्षिक योग्यता** : साधारण लेखपढ, (विद्यालय कर्मचारी नियुक्ति तथा व्यवस्था कार्यविधि - २०८३ बमोजिम हुने)।
७. **दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरू:**
   क. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी : २ प्रति
   ख. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो: २ प्रति
   ग. निरोगिताको प्रमाणपत्र: २ प्रति
   घ. हस्तलिखित निवेदन।
८. **उमेर हद**: १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।
९. **दरखास्त दस्तुर**: रु. १०००/- (यस विद्यालयको नाममा रहेको नेपाल बैंक लि.मिचैंया शाखाको चल्ती खाता नम्बर ३१२००१०७३४५३११००००० १ मा जम्मा गरेको सक्कल भौचर बुझाउनु पर्नेछ।)
१०. **परीक्षाको किसिम**: बिद्यालय कर्मचारी नियुक्ति तथा व्यवस्था कार्यविधि - २०८३ अनुसुची २ अनुसार हुने।
११. **दरखास्त दिने अन्तिम मिति**: २०८३/०६/२७ गते बेलुका ४:०० बजेसम्म।
१२. रीतपूर्वक नआएको दरखास्त मान्य हुने छैन।
१३. **दरखास्त दिने स्थान**: श्री आधारभूत विद्यालय गदहवा सितापुर का.ब.-८
१४. **सम्पर्क मिति**: २०८३/०६/२८ गते
१५. **थप जानकारीको लागि सम्पर्क नं.**: ९८४२८६५३७२


## सुखीपुरमा ६ महिनादेखि सामाजिक सुरक्षा भत्ता रोकियो ...............

तर, गत आर्थिक वर्षको भत्ता चालु आर्थिक वर्षको सुरुआतपछि पनि लाभग्राहीले पाउन नसकेको विषयमा नगरपालिकाको प्रतिबद्धता अब व्यवहारमा कहिले कार्यान्वयन हुन्छ भन्ने प्रश्न भने कायमै छ। नगरप्रमुखले तोकेको समयसीमाभित्र बक्यौता रकमसहित दुई किस्ताको भत्ता वितरण भए मात्र लामो समयदेखि भोग्दै आएको समस्या समाधान हुने लाभग्राहीहरूको भनाइ छ।

सामाजिक सुरक्षा भत्ता नियमित रूपमा पाउने अधिकार भएका लाभग्राहीलाई महिनौंसम्म भुक्तानीबाट वञ्चित गराउने अवस्थाको कारण पहिचान गरी जिम्मेवारी र आगामी दिनको व्यवस्थापनबारे नगरपालिकाले स्पष्ट पार्नुपर्ने मागसमेत उठेको छ।




माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।





## मधेश प्रदेश : स्वास्थ्य निर्देशनालयमा ...........

इन्सपेक्सनलगायत विभिन्न समूहका पदहरू छुट्टाछुट्टै रूपमा कायम रहेको आयोगका विज्ञापन तथा सूचनाबाट प्रस्ट हुन्छ। त्यसैले एघारौं तह हुँदैमा स्वास्थ्य सेवाभित्रका सबै समूह एउटै पदमा परिणत हुने अवस्था नदेखिएकाले कर्मचारी पदस्थापनमा सम्बन्धित समूहकै अधिकृतलाई जिम्मेवारी दिने विषयमा प्रदेशका उच्च अधिकारीहरू पल्लिोपटक सहमत रहेको देखिन्छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. यादवले पनि कानुनसम्मत ढङ्गले कर्मचारी खटाउने अभ्यास उत्तम हुने टिप्पणी गरे । प्रदेश निजामती सेवा ऐन, २०७७ र नियमावली, २०७९ मा कर्मचारी व्यवस्थापनका लागि सरुवा, काज र कायममुकायमको छुट्टाछुट्टै व्यवस्था छन्। नियमावलीको नियम ४४(१)(क) ले एघारौं र बाह्रौं तहका विभागीय प्रमुख वा कार्यालय प्रमुखको पदमा प्रदेश सरकारले कायममुकायम मुकरर गर्न सक्ने व्यवस्था गरेको छ। तर, सो व्यवस्थामा कायममुकायम हुने कर्मचारीको मूल सेवा वा समूह परिवर्तन हुने कुरा उल्लेख गरिएको छैन।

त्यसैगरी, 'अतिरिक्त समूह' मा कर्मचारी राख्न सकिने.व्यवस्था भए पनि त्यसलाई अर्को सेवा-समूहको स्वीकृत दरबन्दीमा पदस्थापन गर्ने अधिकारका रूपमा स्वतः प्रयोग गर्न नमिल्ने जानकारहरूको भनाइ छ। अतिरिक्त समूहमा राख्ने र अर्को समूहको पदमा पदस्थापन गर्ने विषय फरक भएकाले त्यसका लागि छुट्टै कानुनी आधार आवश्यक पर्ने उनीहरूको तर्क छ।

यसअघि भने प्रदेशमा फरक अभ्यास हुँदै आएको थियो। स्वास्थ्य निर्देशनालयको निर्देशक पद स्वास्थ्य सेवा, हेल्थ इन्सपेक्सन समूहको एघारौं तहको दरबन्दी भए पनि स्वास्थ्य शिक्षा समूहका एघारौं तहका अधिकृत सरोजचन्द्र न्यौपानेलाई निर्देशकको जिम्मेवारी दिइएको थियो । उनी अहिले आफ्नो पदाधिकार रहेको प्रदेश स्वास्थ्य तालिम केन्द्रमा फिर्ता भएका छन्।

पछिल्लो समय निर्देशक तथा कार्यालय प्रमुखको जिम्मेवारी दिँदा 'थप जिम्मेवारी' भन्ने शब्दसमेत प्रयोग हुँदै आएको छ । तर प्रदेश निजामती सेवा ऐन तथा नियमावलीले 'थप जिम्मेवारी'लाई काज, सरुवा वा कायममुकायमसरह छुट्टै कर्मचारी व्यवस्थापनको विधिका रूपमा स्पष्ट रूपमा परिभाषित गरेको देखिँदैन । आफ्नो पदसँग सम्बन्धित अतिरिक्त कामको जिम्मेवारी दिनु र अर्को कार्यालयको प्रमुख वा निर्देशक पदको अधिकार नै प्रयोग गर्ने गरी जिम्मेवारी दिनु एउटै विषय नभएकाले यस्तो जिम्मेवारीको कानुनी आधारसमेत परीक्षणको विषय बन्न सक्ने ती जानकारहरूको भनाइ छ।

प्रदेश सरकारले डा. झालाई स्वास्थ्य निर्देशनालयको निर्देशक पदमा पदस्थापन नगर्ने निर्णय गरेमा पनि उनलाई पदस्थापनविहीन राख्ने अवस्था रहँदैन। तर, हेल्थ इन्सपेक्सन समूहमा अहिले एघारौं तहका अन्य अधिकृत नरहेको र पहिलोपटक एघारौं तहमा बढुवा भएका डा. झाकै पदस्थापन हुने स्रोतहरूको भनाइ छ। डा.झालाई अर्को समूहको स्वीकृत दरबन्दीमा पदस्थापन गर्ने हो भने त्यसका लागि छुट्टै कानुनी आधार आवश्यक पर्ने जानकारहरूको भनाइ छ।




## लालपुर्जा हातमा, जमिन ..............

विभिन्न स्थानमा सञ्चालित क्रसर उद्योगका कारण नदीको प्राकृतिक प्रणाली प्रभावित भएको छ।

चुरे क्षेत्र कमजोर हुँदा वर्षाको पानी तीव्र गतिमा तल्लो क्षेत्रमा आउने, नदीमा एकैपटक ठूलो बहाव बढ्ने र त्यसले कटानको जोखिम बढाउने उनीका अनुभव छ । चुरे संरक्षण र नदी नियन्त्रणलाई अलग-अलग विषयका रूपमा हेर्नुभन्दा एकीकृत रूपमा सम्बोधन गर्नुपर्ने उनको भनाइ छ। "बलान नदीलाई पूर्णरूपमा रोक्न सम्भव नहुन सक्छ। तर नदीको धार व्यवस्थापन गर्न सकिन्छ", ई. यादव भन्छन्,"जोखिम क्षेत्र पहिचान गर्न सकिन्छ, वैज्ञानिक तटबन्ध निर्माण गर्न सकिन्छ।" चुरे संरक्षणको संरक्षण, नदीमा हुने अनियन्त्रित दोहन नियन्त्रण र बाढीको पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउन सकिए क्षति न्यूनिकरण गर्न सकिने उनको सुझाव छ।

खेतीयोग्य जमिन हराउँदै जाँदा यसको असर उत्पादनमा मात्र परेको छैन। किसानको पहिचानमै समेत असर पर्न थालेको छ। जमिन भएका किसान विस्तारै भूमिहीन बन्दैछन्। भूमिहीन भएपछि रोजगारीका लागि अन्यत्र जानुपर्ने बाध्यता बढ्छ। त्यसले परिवारको सामाजिक संरचना र स्थानीय अर्थतन्त्रमा समेत असर पार्न सक्ने स्थानीयको चिन्ता छ। यही कारण बलान नदी किनारका किसानका लागि नदी नियन्त्रण केवल विकास निर्माणको विषय होइन। यो उनीहरूको अस्तित्व, जीविकोपार्जन र भविष्यसँग जोडिएको विषय हो।

"बलान नदी अहिले पनि बगिरहेको छ", बलान बिहुलका स्थानीय रामनारायण पण्डित भन्छन्, "नदीमा पानी मात्र बगिरहेको छैन्, पानीसँगै किसानको खेत, सपना र पुस्तौंदेखिको सम्पत्तिको कथा पनि बगिरहेको छ।" समयमै नदी व्यवस्थापन र जोखिम न्यूनीकरणका ठोस कार्यक्रम अघि नबढाए आज खेत बगिरहेको ठाउँमा भोलि बस्ती बग्ने अवस्था नआउला भन्न सकिँदैन, त्यसैले समयमै यसतर्फ सरकारको ध्यान पुग्नुपर्छ, उनी भन्छन्।

## कमला नदीमा ...........

अनुसार शनिबार २४, आइतबार ४२ र सोमबार २२ जना सशस्त्र प्रहरी खोजीमा परिचालन भएका थिए।

'नदी आसपास र सम्भावित स्थानमा निरन्तर खोजी भइरहेको छ। सोमबार साँझसम्म पनि फेला पार्न सकिएको छैन,' उनले भने, 'मंगलबार गोताखोरको टोली मगाएर खोजी गर्ने योजना छ।'

उनका अनुसार बाढीको पानी घुम्ने स्थान, नदीकिनारका झाडी तथा दुलाल बगेर पुग्न सक्ने सम्भावित क्षेत्रमा खोजी केन्द्रित गरिएको छ।

## पर्यटन प्रवर्द्धन गरौं


- नेपालको प्राकृतिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको संरक्षण गरौं ।
- कला, संस्कृति, भेषभुषा, भाषा, परम्पराको संरक्षण एवं प्रवर्द्धन गरौं ।
- स्थानीय उत्पादन, हस्तकला तथा मौलिक खानाको प्रवर्द्धन गरौं ।
- पर्यटकीय क्षेत्रको स्वच्छता र सौन्दर्यता कायम राखौं ।
- पर्यटकप्रति सभ्य, सहयोगी र आतिथ्यपूर्ण व्यवहार गरौं ।
- पर्यटन प्रवर्द्धन गरी स्थानीय समुदायको आर्थिक समृद्धिमा योगदान पुऱ्याऔं ।
- सुरक्षित र दिगो पर्यटन क्षेत्रको विकासमार्फत आर्थिक समृद्धिका लागि जिम्मेवार बनौं ।

**पर्यटक हाम्रा पाहुँना हुन्, सहयोग र सम्मान गरौं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# मधेश प्रदेशको सार्वजनिक वित्त व्यवस्थापन कमजोर, पीईएफएमा डी प्लस स्कोर

### बजेट कार्यान्वयनदेखि सार्वजनिक लगानीसम्म कमजोर, वित्त व्यवस्थापनमा सुधारको खाँचो




**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असोज १२ गते**

मधेश प्रदेशको सार्वजनिक वित्त व्यवस्थापन प्रणाली कमजोर देखिएको छ । प्रदेश सरकारले पहिलोपटक सार्वजनिक खर्च तथा वित्तीय जवाफदेहिता (पीईएफए) मूल्यांकन गराउँदा सूचक तहमा 'डी प्लस' स्कोर प्राप्त गरेको छ।

मधेश प्रदेश सरकार, एसियाली विकास बैंक (एडीबी) र नेपाल आर्थिक पत्रकार समाज (सेजन) को संयुक्त आयोजनामा सोमबार जनकपुरधाममा आयोजित कार्यक्रममा प्रदेशको पहिलो पीईएफए मूल्यांकन प्रतिवेदन सार्वजनिक गरिएको हो।

प्रदेशको सार्वजनिक वित्त व्यवस्थापन प्रणालीको मूल्यांकन सन् २०२१/२२ देखि २०२३/२४ सम्मको अवधिलाई आधार बनाएर गरिएको हो । मूल्यांकनका क्रममा प्रदेशसभामा पेस गरिएको पछिल्लो बजेट आर्थिक वर्ष २०२४/२५ को थियो।

प्रतिवेदनमा ३२ वटा कार्यसम्पादन सूचक र ९८ वटा आयामको मूल्यांकन गरिएको छ। आयाम तहमा सबैभन्दा धेरै 'डी' र सूचक तहमा सबैभन्दा धेरै 'डी प्लस' स्कोर प्राप्त भएको प्रतिवेदनमा उल्लेख छ।

प्रतिवेदनले प्रदेशको बजेट तथा लेखा वर्गीकरण प्रणालीलाई बलियो पक्षका रूपमा औंल्याएको छ। उक्त वर्गीकरण अन्तर्राष्ट्रिय मापदण्डअनुकूल रहेको जनाइएको छ। वार्षिक बजेट दस्तावेजमा पर्याप्त सूचना समावेश हुनु, बजेट क्यालेन्डरको व्यवस्था हुनु, समयमै बजेट स्वीकृत हुनु, बजेट संशोधनका स्पष्ट नियम हुनु र करदातालाई आवश्यक सूचना सहज रूपमा उपलब्ध हुनु प्रदेशका सकारात्मक पक्षका रूपमा देखिएका छन्।

त्यस्तै, खर्चको बक्यौता न्यून हुनु, त्रैमासिक बजेट कार्यान्वयन प्रतिवेदन तयार हुनु र अन्तर्राष्ट्रिय मापदण्डअनुसार वार्षिक एकीकृत वित्तीय विवरण तयार हुनु पनि प्रदेशका बलिया पक्षका रूपमा प्रतिवेदनले उल्लेख गरेको छ।

तर बजेट कार्यान्वयन र सार्वजनिक वित्त व्यवस्थापनका विभिन्न पक्षमा सुधार आवश्यक रहेको प्रतिवेदनले देखाएको छ। राजस्व तथा खर्चको वास्तविक उपलब्धि कमजोर हुनु, बजेट निर्माण तथा लगानी योजना प्रक्रियामा सार्वजनिक परामर्श सीमित हुनु र बजेटबाहिर रहेका निकायको वित्तीय अनुगमन पर्याप्त नहुनु प्रमुख समस्याका रूपमा औंल्याइएको छ।

त्यस्तै, सेवा प्रवाहसम्बन्धी सूचना सीमित हुनु, सार्वजनिक लगानी व्यवस्थापन कमजोर हुनु, कर जोखिम व्यवस्थापन र कर्मचारी तलबसम्बन्धी नियन्त्रणमा कमजोरी हुनु तथा सार्वजनिक खरिदको अनुगमन विभिन्न निकायमा विभाजित हुनु पनि सुधार गर्नुपर्ने क्षेत्रका रूपमा प्रतिवेदनले पहिचान गरेको छ।

प्रदेशसभाबाट लेखापरीक्षण प्रतिवेदनको समीक्षा हुन ढिलाइ हुने गरेको विषयसमेत प्रतिवेदनमा उल्लेख छ।

मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रतिवेदनले प्रदेशको सार्वजनिक वित्त व्यवस्थापनको अवस्थाबारे वस्तुगत र तथ्यमा आधारित चित्र प्रस्तुत गरेको बताए । बजेटको विश्वसनीयता बढाउने, सार्वजनिक लगानी व्यवस्थापन सुधार गर्ने, बजेट निर्माण तथा सेवा प्रवाहको योजना प्रक्रियामा नागरिक सहभागिता बढाउने र राजस्व तथा खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउने विषयमा सुधार आवश्यक रहेको उनले बताए।

उनले प्रतिवेदनले सुधार गर्नुपर्ने क्षेत्र मात्र पहिचान नगरी संस्थागत सुदृढीकरण, प्रक्रियागत सुधार, क्षमता विकास र सरकारी निकायबीच समन्वय सुधारका लागि मार्गचित्रसमेत दिएको बताए।

प्रदेशका अर्थमन्त्री युवराज भट्टराईले पनि पीईएफए मूल्यांकनले सार्वजनिक वित्त व्यवस्थापनको उपलब्धि र सुधार आवश्यक क्षेत्र पहिचान गरेको बताए। बजेट कार्यान्वयन, सार्वजनिक खरिद, आन्तरिक नियन्त्रण प्रणाली, वित्तीय प्रतिवेदन तथा अनुगमन र निगरानी प्रणालीलाई थप प्रभावकारी बनाउनुपर्ने उनले बताए।

एडीबीका सार्वजनिक क्षेत्र व्यवस्थापन तथा सुशासन क्षेत्रकी निर्देशक चिग्देम आकिनले पीईएफए मूल्यांकनले बजेटको विश्वसनीयता, पारदर्शिता र जवाफदेहिता सुधार गर्न सहयोग गर्ने बताइन्।

नेपालका लागि एडीबीका आवासीय मिसन प्रमुख अर्नाउड कोउच्वाले सार्वजनिक वित्त व्यवस्थापन बलियो हुनु प्रभावकारी सेवा प्रवाह र जवाफदेहिता बढाउन महत्वपूर्ण रहेको बताए। प्रतिवेदनले मधेश प्रदेशमा सार्वजनिक स्रोतको उपयोग थप प्रभावकारी बनाउने सुधारका लागि स्पष्ट मार्गचित्र दिएको उनको भनाइ थियो।

प्रतिवेदनलाई प्रदेशको सार्वजनिक वित्त व्यवस्थापन सुधारका प्राथमिकता पहिचान गर्ने आधारका रूपमा प्रयोग गर्ने प्रदेश सरकारको योजना छ। यसबाट वित्तीय अनुशासन बलियो बनाउने, बजेटको विश्वसनीयता सुधार गर्ने, सेवा प्रवाह प्रभावकारी बनाउने र सार्वजनिक स्रोतको उपयोगबाट थप मूल्य प्राप्त गर्ने लक्ष्य राखिएको छ।

पीईएफए सचिवालयले प्रतिवेदनलाई २०२५ नोभेम्बर १३ मा 'पीईएफए चेक' प्रदान गरेको थियो । यसले प्रतिवेदनले आवश्यक गुणस्तर सुनिश्चितताका मापदण्ड पूरा गरेको पुष्टि गरेको छ।

मधेश प्रदेशको अर्थ मन्त्रालयको नेतृत्वमा गरिएको मूल्यांकनमा एडीबीले सहयोग गरेको थियो भने संघीय अर्थ मन्त्रालयको वित्तीय संघीयता समन्वय महाशाखासँग समन्वय गरिएको थियो। मूल्यांकन प्रक्रियामा जनवरी २०२५ सम्म अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (यूएसएआईडी) ले समेत सहयोग गरेको थियो।

## शैक्षिक प्रमाणपत्र हराएको सूचना

मिति २०८३/०४/१० गते घरबाट लहान जाने क्रममा मेरो +2 को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा उक्त कागजात कसैले फेला पार्नुभएको भए कृपया तल उल्लेखित सम्पर्क नम्बरमा जानकारी गराइदिनुहुन अनुरोध गर्दछु।

**नाम**: रंजित कुमार दास
**ठेगाना**: बरियारपट्टी गा.पा-२, सिरहा **सम्पर्क नं.**: ९८४०५२०९४७
**रजिस्ट्रेशन नं.** ६९२७२७८२१

